# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, फागुन १२ गते २०४८ साल (संख्या ४५

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्र इजाजत पत्र बेगर खाँडसारी गट्टा र सुगर कैण्डी पैठारी गर्न नपाउने गरी यो आदेश जारी गरिएको छ।

आज्ञाले,
प्रेमराज गौतम
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय साक्षरता वर्ष मनाउने सन्दर्भमा National Federation of UNESCO Association in Japan [NFUAJ] ले जा.या. ४,२२,००० मूल्य पर्ने Colour Separation Films शिक्षा तथा संस्कृति मन्त्रालयलाई निःशुल्क उपलब्ध गराउने भएकोले सो को पैठारीमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारले मिति २०४८।१०।२ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सह-सदस्य सचिव पदलाई सो आयोगको पदेन सदस्य-सचिव पदमा परिवर्तन गरेकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४८।१०।२ को निर्णयानुसार नेपाल कानून सुधार आयोगमा देहायका महानुभावहरूलाई देहायबमोजिमको पदमा नियुक्त गरिएको छ । साथै आयोगको अध्यक्षको कार्य क्षेत्र कानून र न्याय सम्बन्धी अध्ययन, खोज र अन्वेषण गरी श्री ५ को सरकारलाई राय, मन्तव्य र सिफारिश पेश गर्न तोकिएको छ ।

१. श्री नयनबहादुर खत्री – अध्यक्ष
२. श्री ईश्वरबहादुर श्रेष्ठ – सदस्य (मिति २०४८।१०।३ पछि लागू हुने गरी)

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८